आज मिति २०७७ पुष २६ गते आईतबारको दिन दिउँसो १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९८ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी पौडेल | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | नि.प्रमुख प्रशासकीय अधिकृत श्री दिपक कुमार के.सी. | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री गणेश गुरुङ (लेखा अधिकृत)

२. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/०९/२४ गते नगर प्रमुखज्यूबाट मिति २०७७/०९/२६ गते नगर कार्यपालिकाको १८ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
|---|---|---|
| १. | सङ्घीय समपुरक तथा विशेष अनुदान सम्बन्धमा । | • आ.ब.०७८/०७९ को लागी समपुरक कोषतर्फ नेपाल सरकार राष्ट्रिय योजना आयोगमा नगर सभामा पेश भएका आयोजनाहरु मध्ये यस नगरपालिकाको समपुरक कोषबाट ५० प्रतिशत लागत सहभागिता हुने गरी तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. द.न.पा.१, चाल्नाखेल देखी कुटुली फाँट हुदैं द.न.पा.७ हुदै द.न.पा.८ सम्म पुग्ने कृषि सडक स्तरोन्नती,<br>२. द.न.पा.८, जाती पोखरी पार्क<br>३. प्रचिन दक्षिणकाली पार्क (बगैचाँ निर्माण), द.न.पा.५ र ९<br>• आ.ब.०७८/०७९ को लागी विशेष अनुदानतर्फ नेपाल सरकार राष्ट्रिय योजना आयोगमा नगर सभामा पेश भएका आयोजनाहरु मध्ये यस नगरपालिकाबाट तिन आ.ब.भित्र सम्पन्न हुने गरी बहुवर्षिय आयोजनाको रुपमा निम्नानुसारको आयोजनाहरु प्रस्ताव गर्ने ।<br>१. सेतीदेवी बृहत खानेपानी तथा सरसफाई आयोजना (क्रमागत), द.न.पा.३ र ४<br>२. फोहोरमैला व्यवस्थापन, ल्याण्डफिल्ड साईट निर्माण, द.न.पा.७<br>३. दक्षिणकाली मन्दिर हरियाली पार्क निर्माण, द.न.पा.६ र ७ |
| २. | पूर्व प्राथमिक विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि र कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा । | • यस नगरपालिकालाई कार्यसम्पादनको लागी आवश्यक पूर्व प्राथमिक विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि र कृषक समुह गठन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गर्नको लागी विधयेक समितिको मिति २०७७/०८/२३ र २०७७/०९/१९ को निर्णयानुसार मस्यौदा कार्यविधिहरु पेश भएकोमा उक्त **दक्षिणकाली नगरपालिका पूर्व प्राथमिक विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७** र **दक्षिणकाली नगरपालिंका कृषक समुह गठन तथा व्यवस्थापन कार्यविधि, २०७७** लाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउने । |
| ३. | स्वास्थ्य संस्था भवन निर्माण सम्बन्धमा । | • यस दक्षिणकाली नगरपालिकाका वडा स्थित स्वास्थ्य संस्थाहरु २०७२ को भुकम्पबाट क्षति हुन गई सेवा प्रवाहमा समस्या भएको हुदाँ निम्नानुसारका स्वास्थ्य संस्थाहरुको भवन निर्माण गर्नका लागी जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, बबरमहल, काठमाडौं र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागलाई अनुरोध गर्ने ।<br>१. द.न.पा.८ को कि.नं.८८, क्षेत्रफल ३-०-०-०<br>२. द.न.पा.९ को कि.नं.१७, क्षेत्रफल ३-०-०-०<br>३. द.न.पा.२ को कि.नं.३२, क्षेत्रफल ३-०-०-०<br>४. द.न.पा.५ को कि.नं.२५, क्षेत्रफल १-१२-०-०<br>५. द.न.पा.४ को कि.नं.७ (पर्ति), क्षेत्रफल ३-०-०-० |

प्रतिलिपि प्रमाणित

<table>
<tr><td>४.</td><td>वडा तथा नगर स्तरिय क्रमागत योजना अवधि थप सम्बन्धमा ।</td><td>• यस नगरपालिकाको मिति २०७७/०६/०६ गतेको ९२ औं कार्यपालिका बैठकको निर्णयानुसार "यस दक्षिणकाली नगरपालिकाद्वारा आ.ब.०७६/०७७ मा सञ्चालन गर्नको लागी सम्झौता भई कोभिड - १९ को रोकथाम तथा नियन्त्रणका लागी भएको लकडाउनका कारण तोकिएको समयमानै सम्झौता बमोजिमको काम सम्पन्न हुन नसकेको आयोजनाहरुको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४६, मिति २०७७/५/८ को पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/३/२९ को निर्णयानुसार कोभिड - १९ को संक्रमणका कारण घोषणा गरिएको लकडाउन अवधिमा सम्झौताको म्याद समाप्त भएका वा सो अवधिमा सम्झौता भई कार्य सम्पन्न हुन नसकेका योजना/कार्यक्रमहरुको बढिमा ६ महिना म्याद थप गर्न सकिने व्यवस्था भए अनुरुप यस नगरपालिकाबाट गत आ.ब.०७६/०७७ मा सम्झौता भई फछ्र्यौट हुन बाँकी योजना/कार्यक्रमहरुको २०७७ पुष मसान्त सम्मको लागी म्याद थप गर्ने" निर्णय भएकोमा कोभिड - १९ संक्रमणका कारण २०७७ माघ मसान्त सम्म सम्पन्न गरि सक्ने गरी आयोजनाहरुको म्याद थप गर्ने ।</td></tr>
<tr><td>५.</td><td>मुआब्जा दररेट स्वीकृत सम्बन्धमा ।<br><br>प्रतिलिपि प्रमाणित</td><td>• काठमाडौं - तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको प.सं.०७७/०७८/२०, मिति २०७७/०८/२४ को पत्रानुसार काठमाडौं - तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको मार्गाधिकार भन्दा बाहिर रहेको र सडक निर्माणको क्रममा कटानका कारण पहिरोको उच्च जोखिममा परेका वडा नं. ८ का घर, गोठ लगायतका संरचनाको मुआब्जा प्रयोजन समेतको लागी चालु आ.ब.०७७/०७८ का लागी देहाय बमोजिमको दररेट स्वीकृत गर्ने ।
<table>
<tr><th>क्र.सं.</th><th>संरचनाको विवरण</th><th>दररेट (रुपैयाँ प्रति वर्ष फिट)</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>ढुङ्गा सिमेन्टको पर्खाल तथा जस्तापाताको छानो भएको</td><td>रु.१३००।-</td><td rowspan="3">जिल्ला दररेटमा उक्त संरचनाहरुको दररेट नभएको हुदाँ कार्यपालिका बैठकबाट स्वीकृत गर्नु पर्ने ।</td></tr>
<tr><td>२.</td><td>ढुङ्गा माटोको पर्खाल तथा जस्तापाताको छानो भएको</td><td>रु.१२६७।-</td></tr>
<tr><td>३.</td><td>काठे संरचना, जस्तापाताद्धारा बारेको र जस्तापाताकै छानो भएको</td><td>रु.३८०।-</td></tr>
</table></td></tr>
<tr><td>६.</td><td>कवाडी संकलन कर सम्बन्धमा ।</td><td>• चन्द्रागिरी नगरपालिकाको च.नं.४११, मिति २०७७/०८/१४ को पत्रानुसार यस दक्षिणकाली नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने कवाडी सामग्री चन्द्रागिरी नगरपालिका हुदैं उपत्यका बाहिरिने भएको हुदाँ सबै नगरपालिकाबाट निकासी हुने कवाडी सामग्रीहरुको कर चन्द्रागिरी नाकाबाट संकलन गर्न उपयुक्त हुने भनि सहमतीका लागी अनुरोध भई आएकोमा सहमती दिने र संकलन भएको कर भौगोलिक क्षेत्रको आधारमा वितरण गर्ने व्यवस्था मिलाउन समेत अनुरोध गर्ने ।</td></tr>
<tr><td>७.</td><td>बेरोजगार सुचिकरण तथा रोजगार आयोजना सम्बन्धमा ।</td><td>• प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०७७/०९/०७ गते बसेको स्थानीय निर्देशक समितिले सिफारिस गरेका २४३ जनालाई आ.ब.०७७/०७८ का लागी बेरोजगारको सूचीमा सूचीकरण गर्ने । साथै, रोजगारीका लागि सिफारिस भएका १० वटा आयोजनाहरुलाई आवश्यकता तथा बजेटको उपलब्धताका आधारमा कार्यान्वयनमा लैजान स्वीकृति प्रदान गर्ने, सो का लागि ज्याला बाहेकको रकममा नगरपालिकाको</td></tr>
</table>

| | | |
|---|---|---|
| | | तर्फबाट लागत सहभागिताका लागि विनियोजित रु.१० लाख बाँडफाँड गरी खर्च गर्न स्वीकृति प्रदान गर्ने । बेरोजगारहरु रहेको वडामा आयोजना सञ्चालन नभएमा नजिकका वडामा सञ्चालन हुने आयोजनामा काममा लगाउन संलग्न गरी स्वीकृती प्रदान गर्ने । |
| ८. | १५ शैयाको आधारभुत अस्पताल सम्बन्धमा । | • नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आगामी आ.ब.०७८/०७९ मा १५ शैयाको आधारभुत अस्पताल निर्माण कार्य प्रारम्भ गर्ने गरी अनुदान प्राप्त हुने भएको हुदाँ नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्ने । दक्षिणकाली नगरपालिका वडा नं.१ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र चाल्नाखेललाई आधारभुत अस्पतालमा स्तरोन्नती गर्नको लागी तोकिएको मापदण्ड बमोजिमको जग्गा व्यवस्थापन गरी जिल्ला समन्वय समितिको सिफारिस साथ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने । |
| ९. | फोहोरमैला व्यवस्थापन सम्बन्धमा । | • यस नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न मिति २०७६/०८/३० गते नयाँ पत्रिका दैनिकमा फोहोरमैला व्यवस्थापन सम्बन्धी (ठेक्का बन्दोबस्त) सिलबन्दी दरभाउपत्र आह्वान गरिएकोमा उक्त कार्यका लागी कुनै पनि दरभाउपत्र पेश नभएको हुदाँ फोहोरमैला व्यवस्थापन गर्ने कार्य गर्ने गरी विभिन्न प्रस्तावहरु यस कार्यालयमा दर्ता हुन आएकोमा मिति २०७७/०९/२० गते सोमबार बसेको वातावरण तथा विपद व्यवस्थापन समितिको बैठकबाट छलफल भई सिफारिस भएको परिवर्तन सेवा प्रा.लि.को काठमाडौं महानगरपालिकाले सिसडोल ल्याण्डफिल्ड साईटमा फोहोरमैला व्यवस्थापन गर्ने स्वीकृती समेत प्राप्त गरेको र यस नगरपालिका क्षेत्र भित्र समेत फोहोरमैला व्यवस्थापन गर्नका लागी जग्गा भाडामा लिएको हुदाँ अर्को व्यवस्था नभए सम्मका लागी उक्त संस्थासँग सम्झौता गर्ने साथै उक्त संस्थाले यस नगरपालिकाको आर्थिक ऐन, २०७७ मा तोकिए बमोजिमको शुल्क लिई फोहोरमैला संकलन गर्ने । |
| १०. | फोहोरमैला व्यवस्थापन खर्च भुक्तानी सम्बन्धमा । | • यस नगरपालिका वडा नं. १ र ६ को फोहोरमैला व्यवस्थापन गर्नको लागी क्रमशः चाल्नाखेल खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत् क्लिन नेपाल, किर्तिपुरलाई रु.३,००,०००।- भुक्तानी भएको हुदाँ सो रकम चाल्नाखेल खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई भुक्तानी दिने र द.न.पा.६ नं. वडा कार्यालय मार्फत् युवा कृषक बहुउद्देश्यिय वातावरण प्रा.लि.द्धारा फोहोरमैला संकलनको कार्य भई रहेकोमा उक्त संस्थाहरुलाई भुक्तानी गर्न बाँकी रकम ६ नं. वडाबाट वडा स्तरिय कार्यक्रम अन्तर्गत विनियोजित रकम रु.१,७५,०००।- र नपुग रकम रु.१,२६,०००।- नगरपालिकाबाट गरी जम्मा रु.३,०१,०००।- युवा कृषक बहुउद्देश्यिय वातावरण प्रा.लि.लाई फोहोर तथा ढल व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने । |
| ११. | विविध । | • द.न.पा.१, बोसन स्थित काल भैरव गुठी भवन निर्माणका लागी मर्मत सम्भार शिर्षकबाट रु.४,००,०००।- विनियोजन गर्ने ।<br>• २ नं. वडा कार्यालय वरिपरि ब्लक बिछ्याउने लगायत अन्य कार्यका लागी मर्मत सम्भार शिर्षकबाट रु.७,००,०००।- विनियोजन गर्ने । |

प्रमाणित प्रतिलिपि
(दिपक कुमार ... )
प्र.अ.तथा प्र.अधिकृत